# नेपाल हाईड्रो डेभलोपर लिमिटेड
## डिल्लीबजार, काठमाण्डौं, नेपाल

# वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१७)

आदरणिय शेयरधनी महानुभावहरु

यस कम्पनीको मिति २०८०/०८/१५ मा बसेको सञ्चालक समितिको ८२ औं बैठकको निर्णयानुसार यस कम्पनीको १७ औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न लिखित प्रस्ताव उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८० पौष १२ गते डिसेम्बर २८, २०२३)
समय : विहान ११ बजे
स्थान : लिसारा रिसेप्सन्स, नक्साल, काठमाडौं ।

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७९/०८० को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० को वार्षिक वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) छलफल गरी पारित गर्ने ।
३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री अर्याल एण्ड अर्याल चार्टड एकाउन्टेन्ट्स पूनः नियूक्तिको लागि योग्य रहेको)
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. ३३,५९,२६,५००/- को ०.३७ प्रतिशतका दरले हुन आउने रु. १२,३७,६२३/९५ बराबरको नगद लाभांश (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको ७ प्रतिशतका दरले हुन आउने रु. २,३५,१४,८५५/- बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
२. बोनश शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने तथा सोही अनुरुप प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने ।
३. सञ्चालकहरुको बैठक भत्ता परिमार्जन गर्ने ।
४. बोनश शेयर जारी गर्ने लगायतका कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायका निर्देशन बमोजिम कम्पनीको स्वीकृत प्रबन्धपत्र तथा नियमावलीमा थप संशोधन गर्नु पर्ने भएमा गर्न वा अन्य आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग. विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

**वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी :**

१) यस कम्पनीको १७ औं वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८०/०८/२५ गते यस कम्पनीको शेयर दाखिल खारेज बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०८/२४ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न तथा बोनश शेयर तथा नगद लाभांश प्राप्त गर्न योग्य हुनेछन् ।
२) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको प्रमाण तथा परिचय खुल्ने कुनै प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
३) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान १०:०० बजे देखि खुल्ला रहनेछ ।
४) नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेख) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन । संयुक्त रुपमा शेयर लिएको शेयरधनीको हकमा सर्वसम्मत एक व्यक्ति मात्र सभामा भाग लिन पाउने छ । सर्वसम्मत प्रतिनिधि तोक्न नसकेको खण्डमा शेयरधनीको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधी पत्र मात्र सदर हुनेछ ।
५) सभामा भाग लिन स्वयं उपस्थित हुन नसक्ने भई प्रोक्सी मार्फत प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, डिल्लीबजार, काठमाडौंमा प्रोक्सी दर्ता गरी सक्नुपर्नेछ । प्रतिनिधी (प्रोक्सी) नियुक्त गरीसक्नु भएको शेयरधनी स्वयम् सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा उक्त प्रोक्सी स्वतः वदर हुनेछ ।
६) नाबालक वा अशक्त शेयरधनीको प्रतिनिधीको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र प्रतिनिधी तोक्न सक्नेछ ।
७) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
८) प्रतिनिधी नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखस्तसँग मिल्नुपर्नेछ ।
९) कम्पनीको वार्षिक साधारणसभा सम्बन्धी सूचना, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक विवरणहरु कम्पनीको वेवसाईट www.charnawatihydro.com मा राखिने छ । कसैले हेर्न नसक्नु भएमा यस कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार, काठमाडौं वा यस कम्पनीको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंबाट वितरण गर्ने व्यवस्था मिलाईनेछ । शेयरधनीको प्रमाण प्रस्तुत गरी सो प्रतिवेदन प्राप्त गर्न सक्नु हुनेछ ।
१०) कुनै शेयरधनी महानुभावहरुलाई कम्पनी सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखितरुपमा सभा शुरु हुनुभन्दा कम्तीमा ७ दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार, काठमाडौंमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
११) अन्य विस्तृत जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार, काठमाडौंमा कार्यालय समय भित्र फोन नं. ४४४११३१ मा सम्पर्क राख्न सक्नु हुनेछ ।
१२) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।